# कालिका नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
रेडक्रसमार्ग, चितवन
बागमती प्रदेश, नेपाल


च. नं. – १२८०

मितिः २०८२/११/१४

## आगलागी तथा वन डढेलो रोकथाम नियन्त्रण सम्बन्धी अत्यन्त जरुरी सूचना

गर्मी यामको सुरुवात सँगै मानव बस्तीमा आगलागी एवं वन जङ्गलमा डढेलो लाग्ने सम्भावना प्रबल रहने गर्दछ। आगलागी तथा वन जङ्गलमा डढेलोले जनधनको क्षती एवं प्राकृतिक सम्पदा नष्ट भई वातावरणीय सन्तुलनमा ठूलो असर पुग्ने, पानीका मुहान सुक्ने, भूक्षय हुने, वायुमण्डलमा कार्वन उत्सर्जन हुनगई पर्यावरण तथा जलवायु प्रणालीमा असर पुग्ने एवं गाउँ वस्तीसम्म डढेलो फैलिन गै जनधनको ठूलो क्षति हुन सक्ने सम्भावना समेत रहने गर्दछ। तसर्थ कालिका नगरबासी नागरीक, सामुदायिक बनका पदाधिकारी, उपभोक्ता सदस्यहरू एवं सम्पूर्ण नगरवासीहरूमा सबैमा आगलागी तथा वन डढेलो रोकथाम नियन्त्रण सम्बन्धमा देहाय बमोजिम सजगता अपनाउन कालिका नगरपालिका हार्दिक अनुरोध गर्दछ।,

- आफ्नो घर गोठ, खेतबारी टोल र वन क्षेत्र वरिपरि आगो लाग्न सक्ने ज्वलनशील बस्तु र क्षेत्रको पहिचान गरी विशेष निगरानी राखौ, आगलागी हुन नदिन समयमै आवश्यक रोकथामको ब्यबस्था गरौँ।
- निवास स्थान, मानव बस्ती, वन जङ्गल तथा मानिस आवतजावत गर्ने बाटोघाटो नियमित रुपमा सरसफाइ गरौँ। उल्लेखित स्थानहरूको वरपर रहेका ज्वलनशील बस्तु तथा पातपतिङ्गर हटाई आगलागी जन्य बिपद्को रोकथाम गरौँ।
- सलाई, लाइटर, इन्धन जस्ता प्रज्वलनशील वस्तु केटाकेटीको पहुँचबाट टाढा राखौ। यस प्रकारका वस्तुहरू लिएर अनधिकृत रुपमा मानव बस्तीमा हिंडडुल गर्न एवं वनजङ्गल प्रवेशमा रोक लगाऔं।
- घर गोठ, खेतबारी सफाइ, पिकनिक, वनभोज जस्ता कार्यमा आगो बाले पछि राम्ररी आगो निभाएर मात्र छोडौँ। चुरोट बिंडीका ठुटाहरू राम्री निभाइ मात्रै फालौँ। हावाहुरी लागेको समयमा आगो नबालौँ।
- मानव बस्ती र वन जङ्गलको सिमानामा अग्निरेखा निर्माण गरौं। वन क्षेत्रभित्र रहेका अग्निरेखाको नियमित सफाइ तथा मर्मत सम्भार गरौँ। आवश्यकता अनुसार थप अग्निरेखा निर्माण गरौं।
- सामुदायिक वन उपभोक्ता समूहले अग्नि नियन्त्रकको व्यवस्था गरी वनको नियमित अनुगमन गर्ने व्यवस्था अनिवार्य रुपमा मिलाऔँ। अग्नि नियन्त्रणका सामग्रीको उचित व्यवस्थापन गरी तयारी अवस्थामा राखौँ।
- वन डढेलो लगाउने कार्य वन ऐन, २०७६ को दफा ४९ बमोजिम फौजदारी कसूर भएको र यस्तो कार्य गर्नेलाई सोही ऐनको दफा ५० बमोजिम क्षतिको बिगो असुल उपर गरी साठी हजार रुपैयासम्म जरिवाना र तीन वर्षसम्म कैद हुने भएकोले यस्तो कार्य कसैले पनि नगरौँ, नगराऔं।
- निवास स्थान र मानव बस्तीमा आगलागी भएमा वा वन डढेलो लागेको जानकारी भएमा नजिकको वन कार्यालय, प्रहरी कार्यालय वा जिल्ला प्रशासन कार्यालयमा खबर गरौं। निवास स्थान र मानव बस्तीमा हुन सक्ने आगलागी एवं वन डढेलो बाट आफू पनि बचौँ र अरुलाई पनि बचाऔं।

२०८२/११/१४

(देवराज चौलागाई)
प्रमुख प्रशासकीय अधिकृत


फोन नं.: ०५६-४१३१३६, ४१३१३७
E-mail: kalikanagarpalika@gmail.com
Website: www.kalikamunchitwan.gov.np
www.kalikamun.gov.np